# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको बैठकका निर्णयहरु

| आयोगको बैठक सङ्ख्या ९४ | निर्णय मितिः२०८१/१२/११ |
|---|---|

## निर्णय नं. १०६

**विषयः आर्थिक वर्ष २०८२/०८३ देखि आर्थिक वर्ष २०८६/०८७ सम्मका लागि प्रदेश विभाज्य कोषबाट प्रदेश सरकारबीच र स्थानीय विभाज्य कोषबाट स्थानीय सरकारबीच गरिने राजस्व बाँडफाँटको सिफारिस गर्ने सम्बन्धमा।**

**१.** माथि उल्लेखित विषयका सम्बन्धमा आज मिति २०८१/१२/११ गतेका दिन आयोगका माननीय कार्यवाहक अध्यक्षको अध्यक्षतामा बसेको बैठकबाट देहाय बमोजिम निर्णय गरियो।

**१.१** आयोगको मिति २०८१/१२/०३ को बैठक संख्या ९२ निर्णय नं. १०२ बाट निर्धारण गरिएको राजस्व बाँडफाँटको आधार र ढाँचा तथा नेपालको संविधानको धारा ६० को उपधारा (७) बमोजिम राजस्व बाँडफाँटलाई सन्तुलित बनाउन स्थानीय तह तर्फ क्षेत्रफल सूचकको हिस्सा गणना गर्दा अधिकतम ३०० वर्ग किलोमिटरको सीमा कायम गरी गणना गर्ने।

**१.२** प्रदेश तर्फ राजस्व संकलनमा गरेको प्रयास अन्तर्गतको राजस्वको वार्षिक वृद्धिदर उपसूचकमा ऋणात्मक भएका प्रदेशको हकमा सो ऋणात्मक परिणामले अन्य सूचकहरुमा प्रदान गरिएको भार तथा हिस्सा समेत प्रभावित हुने भएकोले सो अवस्था सिर्जना हुन नदिन अधिकतम ऋणात्मकलाई शुन्य प्रतिशत हुनेगरी सबै प्रदेशमा सोही बमोजिम समायोजन गरी गणना गर्ने।

**१.३** राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १५ को उपदफा (२) बमोजिम आयोगको मिति २०८१/१२/०३ को बैठक संख्या ९२ निर्णय नं. १०२ बाट निर्धारण गरिएको राजस्व बाँडफाँटको आधार र ढाँचा एवम् तथ्याङ्कको स्रोत तथा बुँदा नं. १.१ र १.२ बमोजिम गणना गरिएको संलग्न अनुसूची १ वमोजिमको प्रदेश सरकारको र अनुसूची २ बमोजिमको स्थानीय सरकारको हिस्सा स्वीकृत गर्ने।

**१.४** आर्थिक वर्ष २०८२/८३ देखि आर्थिक वर्ष २०८६/८७ सम्मका लागि प्रदेश विभाज्य कोषबाट प्रदेश सरकारबीच र र स्थानीय विभाज्य कोषबाट स्थानीय सरकारबीच गरिने राजस्व बाँडफाँटको सम्बन्धमा संलग्न ढाँचामा नेपाल सरकारलाई सिफारिस गर्ने र नेपाल सरकार, अर्थ मन्त्रालयमार्फत नेपाल सरकारमा लेखी पठाउने।

## निर्णय नं. १०७

**विषयः आयोगका पदाधिकारीहरुको कार्यविभाजन सम्बन्धमा ।**

**१.**माथि उल्लिखित विषयका सम्बन्धमा आज मिति २०८१ साल चैत्र ११ गते सोमबारका दिन राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका कार्यवाहक अध्यक्ष जुद्व बहादुर गुरुङको अध्यक्षतामा बसेको बैठकबाट देहाय बमोजिम निर्णय गरियो।

**१.१.** आयोगको मिति २०८१/०३/०५ को निर्णय अनुसार भएको कार्यविभाजन बमोजिम निवर्तमान अध्यक्ष बालानन्द पौडेलको जिम्मेवारीमा परेका विषयहरु कार्यवाहक अध्यक्ष जुद्व बहादुर गुरुङको जिम्मेवारीमा समावेश गर्ने। अरु सदस्यहरुको जिम्मेवारी यथावत रहने।